# धुनिवेशी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल


प.सं.: २०८२/०८३
च.नं.: २२५

मिति : २०८२/०५/०३
ने.सं.११४५ गुंलागा एकादशी

**विषय : करार शिक्षक एवम् कर्मचारीको म्याद थप, प्र.अ. र शिक्षकले अन्यत्र काम गर्ने र प्र.अ. नियुक्ति पत्र सम्बन्धमा ।**

श्री सबै सामुदायिक विद्यालयहरु
धुनिवेशी नगरपालिका, धादिङ ।

उपरोक्त विषयका सम्बन्धमा यस नगरपालिका अन्तरगत सञ्चालित सबै सामुदायिक विद्यालयहरु नेपाल सरकार र स्थानीय सरकारले प्रबन्ध गरेका कानुन बमोजिम सञ्चालनमा रहेको सन्दर्भमा सम्बन्धित कानुनहरुको कार्यान्यवनका सम्वन्धमा विभिन्न व्यक्ति, संस्था, निकाय र माध्यमबाट गुनासा र निर्देशन प्राप्त भएका छन् ।अतः तपसिल बमोजिमका कानुनका प्रावधानको प्रभावकारी कार्यान्वयन गरी सोको जानकारी यस नगरपालिकामा दिन यस नगरपालिकाको मिति २०८२/५/३ को निर्णय अनुसार निर्देशन गरिएको छ । यस निर्देशनको कार्यान्वयन नहुँदा पर्ने असर प्रति सम्वन्धित विद्यालय, प्र.अ. र शिक्षक नै जिम्मेवार हुने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

<u>कार्यान्वयन हुनुपर्ने कानुनका प्रावधान</u>

१. <u>करार शिक्षक एवं कर्मचारीको म्याद थप</u> : शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ९७ को उपनियम (८) मा करार शिक्षकको एक पटकमा ६ महिनामा नबढाई म्याद थप गर्ने व्यवस्था छ। साथै, धुनिवेशी नगरपालिकाको शिक्षा ऐन २०८० को दफा ३० मा अस्थायी, करार, राहत वा अनुदान शिक्षक सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ भन्ने उल्लेख छ।शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं.२११ मिति २०८२/०३/१३ को पत्र र शिक्षा विकास तथा समन्वय इकाइ, धादिङको च.नं. ०१ मिति २०८२/०४/०१ को पत्रबाट सम्पूर्ण सामुदायिक विद्यालयहरुले उपर्युक्त बमोजिम कार्यरत शिक्षक एवं कर्मचारीहरुको म्याद थप गर्न लगाई यसको विवरण समेत पठाउन लेखी आएको हुँदा सो अनुसार गर्नु गराउनु हुन ।

२. <u>विघलय भन्दा बाहिर प्र.अ. र शिक्षकले गर्ने कामका सम्बन्धमा</u> : शिक्षा ऐन २०२८ (संशोधन सहित) को दफा १६च २ मा शिक्षकलाई अन्य काममा लगाउन नहुने भन्ने उल्लेख छ । शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम १३३ को उपदफा (१) को खण्ड (ज) को उल्लङ्घन गरेमा नियम १३७ बमोजिम सजाय हुने व्यवस्था छ । धुनिवेशी नगरपालिकाको शिक्षा



शिक्षा निर्देशक

CamScanner

धुनिवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल

ऐन, २०८० को दफा ३९ मा शिक्षक तथा कर्मचारीको पदीय आचरण सम्बन्धी व्यवस्था छ ।उक्त दफाको उपदफा (३) को खण्ड (च) मा शिक्षा शाखाको अनुमति नलिई विद्यालय समय भन्दा बाहिर अध्यापन कार्य गरेमा भन्ने उल्लेख छ। राष्ट्रिय सतर्कता केन्द्रको च.नं. ३०९४ मिति २०८२/२/२५ को सबै स्थानीय तहलाई निर्देशन पत्रमा विद्यालयका प्रधानाध्यापक र शिक्षकहरुले पठन पाठन बाहेकका के कस्ता क्रियाकलापमा भाग लिन पाउने हो स्पष्ट तोकी पूर्व स्वीकृति प्रदान गर्ने गरी कार्यान्वयन गर्न गराउन उल्लेख गरिएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ५४ मिति २०८२/४/२६ को पत्रबाट राष्ट्रिय सतर्कता केन्द्रको निर्देशन कार्यान्वय गर्न सबै स्थानीय तहलाई जानकारी गराएको छ । अतः माथी उल्लिखित कानुनी प्रावधान र निर्देशन बमोजिम प्रत्येक वर्ष पूर्व स्वीकृति लिएर मात्र विद्यालय भन्दा बाहिर कुनै कार्य गर्नु गराउनु हुन ।

३. <u>प्रधानाध्यापक नियुक्ति सम्बन्धमा</u> : शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ९३ मा प्रधानाध्यापक सम्बन्धी व्यवस्था छ । धुनिवेशी नगरपालिकाको शिक्षा ऐन, २०८० को परिच्छेद ७ दफा २० मा प्रधानाध्यापक सम्बन्धी व्यवस्था छ । शिक्षा विकास तथा समन्वय इकाइ, धादिङको च.नं.२८ मिति २०८२/४/१५ को प्रधानाध्यापक नियुक्ति सम्बन्धी पत्रमा शिक्षा नियमावली २०५९ को नियम ९३ बमोजिम प्रधानाध्यापक नियुक्तिको व्यवस्था गर्न लेखी आएको छ। अतः सो अनुसार प्र.अ, नियुक्तिको व्यवस्था गर्नु गराउनु हुन ।

४. **प्रत्येक विद्यालय व्यवस्थापन समितिको निर्णय उक्त बैठकको ७ (सात) दिन भित्र शिक्षा शाखामा पेस गर्नु गराउनु हुन ।**

५. **धुनिवेशी नगरपालिकाको शिक्षा ऐन,२०८०, धुनिवेशी नगरपालिकाले जारी गरेका कार्यविधि, निर्देशिका, मापदण्ड, निर्देशन र आफ्नो काम, कर्तव्य र अधिकारसँग सम्बन्धित प्रचलित कानुनहरुको पालना इमान्दारितापूर्वक गर्नु गराउनु हुन ।**

कर्ण बहादुर भुवाजी
शिक्षा निर्देशक

शिक्षा निर्देशक



CamScanner